**प्रदेश सरकार**

**भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय**

# पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय

**गण्डकी प्रदेश, पोखरा, नेपाल**

## अनुदानमा पशु विकास सेवा कार्यक्रम प्रस्ताव आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति: २०७५।११।०६**

यस निर्देशनालयको आ.व.२०७५/०७६ को वार्षिक स्विकृत कार्यक्रम अनुसार सन्चालन गरिने, तपसिल बमोजिमका कार्यक्रम संचालनमा अनुदान उपलब्ध गराउने रहेको हुँदा देहायका शर्तहरुको अधिनमा रहि तपशिल मध्ये कुनै एक वा एक भन्दा बढी कार्यक्रम सन्चालन गर्न ईच्छुक आवेदकले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव यस कार्यालय वा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि निर्देशनालय र सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राख्नुहुन अनुरोध छ।

तपशिल :

| क्र स | संचालन हुने कार्यक्रमहरु | साझेदारी र अनुदान रकम | आवेदक | कैफियत |
|---|---|---|---|---|
| १ | पशु कल्याण प्रवर्द्धन कार्यक्रम (स्थानिय तहको समन्वयमा छाडा पशु व्यवस्थापन) | बढिमा ७० प्रतिशत रु ३,५०,००० सम्म(१ वटा) | पशु कल्याणमा आवद्ध संघ/संस्थाहरु | पशु कल्याण प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधि २०७५को अनुसुची २ को आवेदन फारम र अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना |
| २ | दुध ढुवानी व्यवस्थापन तथा दुध प्रशोधन केन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम (सार्वजनिक नीजि साझेदारीमा साना डेरी प्रशोधन प्लान्ट केन्द्र स्थापना कार्यक्रम अन्तर्गत कम्तिमा ५०० लिटर क्षमताको ब्याच पास्चुराईजर खरिद र संचालन गर्ने) | बढिमा ७० प्रतिशत रु ४,००,००० सम्म (७ वटा) | साना किसान डेरी मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को बुँदा नं ५.३ अनुसारको न्युनतम मापदण्ड पुरा गरेको सरोकारवालाहरु | साना किसान डेरी मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५को अनुसुची २को निवेदन अनुसुची ३ अनुसार प्रस्ताव नमुना र अनुसुची ४ अनुसार संक्षिप्त व्यवसायिक कार्ययोजना |

आवेदनसाथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

१.कैफियतमा उल्लेखित कागजातहरु।

२.अनुसुची २ अनुसार निवेदनमा रु १० को हुलाक टिकट टाँस गरेको हुनुपर्ने।

३. संघ र संस्था सम्बन्धित निकायमा दर्ता र नविकरणको प्रमाण पत्रको प्रतिलिपि।

४.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

५.संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, आदि) का प्रमाणित प्रतिलिपीहरु।

६. कार्यक्रमको लागि छनौट भएमा संघ र संस्थाका सदस्यहरुबाट कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपि।

**थप जानकारीका लागि सम्पर्क**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

**सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु**

Email : dlfd.gandaki@gmail.com

**फोन नं: ०६१/५२०४५४, ०६१५२७/५८५**